१९८५४०६०४१२
bateshwormun@gmail.com
www.bateshwormun.gov.np

बटेश्वर गाउँपालिका
Bateshwor Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय,बटेश्वर,धनुषा
Office Of The Rural Municipal Executive Bateshwor, Dhanusha
मधेश प्रदेश, नेपाल
Madheshpradesh, Nepal

## सेवा करारमा गाँउ प्रहरी बल पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०९)

बटेश्वर गौउपालिका अन्तर्गत स्वीकृत दरवन्दीमा रिक्त रहेको देहायको पदहरु र संख्यामा करार सेवामा गाँउ प्रहरी बल पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले "बटेश्वर गाँउपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१" को अनुसूची- ३ बमोजिम दरखास्त फारम भरी यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र गाँउ कार्यपालिकाको कार्यालय, बटेश्वरमा पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

माग गरिएको पदको विवरण:

| विज्ञापन नं. | सेवा करारमा लिने पद | किसिम | संख्या | आवश्यक न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| ०१-०८१/०८२ | गाँउ प्रहरी सहायक निरीक्षक | खुला | १ | कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवाबाट अवकाशप्राप्त पेन्सन पट्टा भई ४५ वर्ष ननाघेको। | |
| ०२-०८१/०८२ | गाँउ प्रहरी जवान | खुला | ३ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी १८ वर्ष उमेरपूरा भइ २५ वर्ष ननाघेको र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवाबाट अवकाशप्राप्त भएकोमा ४५ बर्ष ननाघेको। | |
| ०३-०८१/०८२ | गाँउ प्रहरी जवान | महिला | २ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी १८ वर्ष उमेरपूरा भइ २५ वर्ष ननाघेको र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सेवाबाट अवकाशप्राप्त भएकोमा ४५ बर्ष ननाघेको। | |

अन्य आवश्यक योग्यता र विवरण :

१.क) उचाई, छाती र तौल : उचाई कम्तिमा पुरुषको हकमा ५ फिट २ इन्च, महिलाको हकमा ५ फिट, पुरुषको हकमा छाती सामान्य ३१ इन्च र फुलाउँदा ३३ इन्च (महिलाको हकमा लागू नहुने), तौल कम्तीमा५० के.जी. पुरुषको हकमा र ४३ के.जी. महिलाको हकमा, आँखा -२ वा +२ भन्दा बढी कमजोर नभएको र रङ्ग दृष्टि दोष नभएको।

९८५४०६०४१२
bateshwormun@gmail.com
www.bateshwormun.gov.np

# बटेश्वर गाउँपालिका
Bateshwor Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय,बटेश्वर,धनुषा
Office Of The Rural Municipal Executive Bateshwor, Dhanusha
मधेश प्रदेश, नेपाल
Madheshpradesh, Nepal

ख) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ङ) कुनै राजनितिक दलको सदस्य नरहेको।

२. छनौटका आधारः- प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा,शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित तथा अन्तवार्ता।

३. दरखास्त बुझाउने अन्तिम मितिः- प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म (मिति २०८१/०९/२३ गते सो दिन विदा परेमा सोको भोलिपल्ट)।

४. पारिश्रमिक तथा सुविधाः- गाँउपालिकाले तोके बमोजिम।

५. करार अवधि :- २०८२ असार मसान्तसम्म (वजेटको सुनिश्चितता र कार्यसम्पादनको आधारमा थप हुन सक्ने)।

६. परीक्षा दस्तुर र फारम :- प्रहरी जवानको लागि रु.५००/- र प्रहरी सहायक निरीक्षक लागि रु.७५०/- (राजस्व शाखामा बुझाई आवेदन फारम लिनु पर्ने)।साथै समावेशि समुहको लागि थप रु.१००/-।

७. आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरुः- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि,पेन्सन पट्टा भए सोको प्रतिलिपि ,निरोगिताको प्रमाणपत्र समेत)

८. परीक्षा सम्वन्धी जानकारीः- आवेदन फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट सूचना प्रकाशन गरि तोकिनेछ। उक्त दिन विदा परेमा सोको भोलिपल्ट।

९. सम्वन्धित पदको पाठ्यक्रम र आवेदन फारम यस कार्यालयको वेभ साइट https://www.bateshwormun.gov.np/ मा समेत उपलब्ध छ। थप जानकारीको लागि ९८५४०६०४१२ मा सम्पर्क गर्न सकिनेछ।

.................................
संयोजक
पदपूर्ति समिति